नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशुपन्छी श्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय

## गाई आनुवांशिक स्रोत केन्द, जिरी

### सिलबन्दी बोलपत्र आह्वान सुचना न. ०२।२०७८।७९

(प्रथम पटक पत्रिकामा प्रकाशित मिति २०७८।०३।१३)

१. यस केन्द्रमा आ.व.२०७९/०८० मा उत्पादन हुने गाईको पुर्ण कच्चा दुध केन्द्र परिसरबाटै बढाबढ शिलबन्दी बोलपत्रको माध्यमबाट एकमुष्ट बिक्री गर्नु पर्ने भएकोले इच्छुक ब्यावसायीहरुवाट सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

| क्र.सं. | बोलपत्र नं.. | विबरण | अनुमानित परिमाण (लिटर) | लागत अनुमान रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| ३. | CGRCJIRI/NCB/G/02 /2078/79 | गाईको पुर्ण कच्चा दुध विक्री | १,४६०००। | ८६,६०,७२०।- | २,१७,०००।- | ३,०००।- |

२. बोलपत्र फाराम खरिद गर्न इच्छुक ब्यबसायीहरुबाट फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व २०७७।०७८ को कर चुक्ताको प्रमाणपत्रहरुको प्रतिलिपीहरु तथा बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको स्व-घोषणापत्रको कागजात सहित निवेदन दिनु पर्नेछ, ।

३. बोलपत्र फारम यो सूचना प्रकाशन भएको मिति २०७९/०३/१३ गतेदिख २०७९।०४।१० गतेसम्म बोलपत्र दस्तुर वापत रु ३०००।- मात्र (पछि फीर्ता नहुने गरी) यस केन्द्रबाट नगदै तिरी सोको सक्कलै रसिद वा नेपाल बैंक लिमिटेड, चरिकोट शाखा, दोलखा, कार्यालय कोड नं ३१२०२२३०१, राजश्व शिर्षक नं १४२२९ कार्यालयको खाता नं क-१-१-०४ जम्मा गरेको सक्कलै भौचर सहित ब्यवसायी वा निजको अधिकार प्राप्त प्रतिनिधीले लिखित निवेदन दिई यस केन्द्रबाट खरिद गर्न सक्नेछ ।

४. खरिद गरिएको बोलपत्रमा माग बमोजिमको विवरणहरु प्रस्टसंग उल्लेख गरी बोलपत्र दाताले प्रत्येक पानामा सहिछाप गरी आवश्यक कागजातहरुको प्रमाण संलग्न राखि मिति २०७९/०४/११ गते दिनको १२:०० वजेसम्म गाई आनुवांशिक श्रोत केन्द, जिरीमा दर्ता गर्न सक्नेछ ।यसरी दर्ता हुन आएका शिलबन्दी वोलपत्रहरु सोही मितिको दिनको १३:०० बजे वोलपत्रदाता वा निजको अधिकारिक प्रतिनिधीहरुको रोहवरमा यस केन्द्रमा खोलिनेछ । तर ब्रोलपत्रदाता वा नीजको आधिकारिक प्रतिनिधिहरुको अनुपस्थितिमा उक्त शिलबन्दी वोलपत्रहरु खोल्न कुनै वाधा रहने/पर्ने छैन ।

५. बोलपत्रको मान्य अवधि दाखिला गर्ने अन्तिम मितिबाट ९० दिनको हुनेछ । सम्वन्धित ब्यवसायीले बोलपत्र जमानत वापतको रकम गाई आनुवांशिक स्रोत केन्द्र जिरीमा नगदै जम्मा गरेको सक्कलै रसिद वा नेपाल वैक लिमिटेड, चरिकोट शाखा, दोलखा स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयको धरौटी खाता नं.१३०० २०० ००० ००० ००० ००३३ मा बोलपत्रदाताको नामबाट जम्मा गरेको सक्कलै वैक भौचर वा सो रकम बरावरको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य वैकवाट यस केन्द्रको नाममा जारी भएको कम्तीमा १२० दिन सम्म मान्य अवधि भएको बोलपत्र जमानत पेश गर्नु पर्नेछ ।

६. शिलबन्दी वोलपत्र दर्ता गर्ने/खोलिने दिन सार्वजनिक विदा पर्न गएमा त्यसको लगतै कार्यालय खुलेको दिन उक्त कार्यहरु हुनेछन । म्याद नाघी आएको, रित नपुगेका र सुचनाका शर्तहरु विपरित भएका बोलपत्रहरु माथि कारबाही हुनेछैन ।

७. बिक्री गरिने दुधको राजश्व भुक्तानी दैनिक रुपमा अनिवार्य गर्नु पर्नेछ । बोलपत्र स्वीकृत हुने ब्यबसायीले ठेक्का सम्झौता गर्नु पुर्व नै हाल औषत मासिक उत्पादित दुधको मुल्य बरावरको रकम केन्द्रले तोकेको धरौटी खातामा जम्मा गर्नु पर्ने छ ।

८. बोलपत्र दाताले दुध खरिद गर्ने परिमाणको मुल्यमा कर लाग्ने भएमा सबै करहरु, केन्द्रबाट लाग्ने ढुवानी, लोडअनलोड समेत समाबेश गरी एकमुष्ट खरिद मुल्य अंक र अक्षर दुबैमा स्पष्टसंग उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेट मान्य हुनेछ ।

८. यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्बजनिक खरिद निययावली, २०६४ (संशोधन सहित) एवं प्रचलित कानुन अनुसार हुनेछ ।

९. कुनै वा सवै सिलवन्दी बोलपत्र स्विकार वा अस्विकार गर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा निहित रहने छ ।

१०. अन्य आवश्यक कुरा बुझ्नु परेमा गाई आनुवंशिक श्रोत केन्द, जिरी वा केन्द्रको फोन न. ०४९-४०००५६/६६ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

बरिष्ठ पशु विकास अधिकृत